☎ ९८४८४९२७२७

गौमुल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
घटमुनी, बाजुरा

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.२०८०।०८१
च. नं. 26

मितिः २०८०।४।३

विषयः सूचिकृत सम्बन्धी सूचना ।

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाको आ.व. २०८०।०८१ मा खरिद सम्वन्धीका काम कारवाहीमा संलग्न हुन ईच्छुक योग्य फर्म, संघसंस्था वा व्यक्तीहरुलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम सार्वजनिक निकायबाट सोही ऐनमा तोकीएबमोजिम खरिद सम्बन्धी कार्यको लागी सम्बन्धित कार्यालयले त्यस्तो खरिदको प्रकृती अनुसार आपूर्तीकर्ता, निर्माण व्यावसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवाप्रदायकको छुट्टाछुट्टै सूचि तयार गर्नुपर्ने व्यवस्था भए बमोजिम यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र देहायका शर्तहरुको अधारमा रही यस कार्यालयमा सूचिकृतको लागी आवेदन गर्न हुन अनुरोध गरिन्छ ।

राम नाथ
नि प्रमुख प्रशासकीय अधिकृत
नि.प्रमुख प्रशासकिय अधिकृत

१. आवेदनसाथ पेश गर्नुपर्ने कागजातका प्रतिलिपिहरु
- आफ्नो फर्म दर्ता वा सम्वन्धित व्यवसाय वा सेवा गर्न प्राप्त नविकरण भएको ईजाजत पत्र ।
- मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्र वा स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र ।
- प्रचलित कानुन बमोजिम नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने अघिल्लो आर्थिक वर्ष (२०७९।०८० को करचुक्ता प्रमाण पत्र ) कर विवरण बुझाई चुक्ता प्रमाण पत्र लिन बाँकी भए सम्बन्धित कर कार्यालयमा कर विवरण पेश भएको प्रमाण ।
- व्यक्तिको हकमा नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर, शैक्षिक योग्यताको प्रमाणपत्रहरु ।
- सूचिकृत हुन चाहेको समूहको कार्य सम्पादन गर्न योग्य सक्षम रहेको व्यहोरा खुल्ने कागजात वा प्रमाण ।

२. आवेदनमा कुनै सार्वजनिक निकायसँग सम्झौता भए बमोजिम सम्पादन गर्न जिम्मा लिएको काम अधुरो छोडी वा कुनै सार्वजनिक निकायमा तिर्न बुझाउन बाँकी कर दस्तुर तथा दायित्व बाँकी नभएको एवं प्रचलित कानुन बमोजिम त्यस्तो काम गर्न प्रतिवन्ध नलागेको वा कालोसूचिमा नपरेको भनि आवेदकले गरेको स्व घोषणा पत्र ।

३. यस सूचना बमोजिम सूचिकृत हूदैमा कुनै फर्म संघसंस्था वा व्यक्ति कुनै सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम तोकेको योग्यता पूरा नगरी खरिद सम्वन्धी कार्वाहीमा सहभागी हुन सक्दैन ।

४. सूचिकृत भएको फर्म संघ संस्था वा व्यक्तिले यस कार्यालयको खरिद सम्वन्धी कार्यमा संलग्न भएमा प्रचलित कानुन कमोजिम कर विजक जारी गर्नुपर्नेछ ।

५. सूचिकृत भएको फर्म, संघसंस्था वा व्यक्तिले प्रचलित कानुन बमोजिम कुनै निकायमा सम्झौता गरी लिएको कुनै काम समयमै सम्पन्न नगरेको वा सही रुपमा नगरेको वा नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने कर तथा अन्य दायित्व नबुझाएको जानकारी सम्बन्धित निकायबाट प्राप्त भएमा जुनसुकै वखत सूचिवाट हटाउन सकिनेछ ।

६. यस सूचनामा नपरेको अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन तथा नियमावली र प्रचलित प्रशासन सम्बन्धी कानुन बमोजिम हुनेछ ।

(नोटः आवेदन फाराम र सूचिकृत हुन चाहेको समूहको विवरण यस कार्यालयको वेब साईट www.gaumulmun.gov.np तथा यस कार्यालयमा उपलब्ध छ ।)



Scanned with CamScanner
CamScanner